पाथीभरा देवी दर्शन केवलकार आयोजनालाई वन क्षेत्रको
जग्गा प्रयोग गर्न दिन
र सोमा रहेका रुखबिरुवाहरु हटाउने सम्बन्धी

वन तथा भू-संरक्षण विभाग र पाथीभरा देवी दर्शन केवलकार प्रा.लि. नक्शाल, काठमाण्डौं बीच भएको

# सम्झौता पत्र

२०७५

## सम्झौता पत्र

वन ऐन, २०४९ को दफा ६८ अनुसार पाथीभरा देवी दर्शन केवलकार प्रा.लि. काठमाण्डौलाई (कम्पनी दर्ता नं. १४०५१७/०७२/०७३) ताप्लेजुङ जिल्लाको फुङलिङ नगरपालिका-११ लाई ४.९७ हेक्टर राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न स्विकृति दिने भनी नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/०९/१६ मा निर्णय भए बमोजिम तपसीलको विवरण रहेको वन क्षेत्रको जग्गा निम्न शर्तहरूको अधीनमा रही १०/१० वर्षमा नवीकरण गर्ने गरी प्रा.लि.को अनुमति कायम रहेसम्म बढीमा ३० वर्ष सम्म प्रयोग गर्न गराउन र तहाँ रहेका जम्मा १०२३१ वटा रुखबिरुवाहरु हटाउन समेत नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग (यसपछि विभाग भनिएको) र पाथीभरा देवी दर्शन केवलकार प्रा.लि., काठमाण्डौ (यसपछि आयोजना भनिएको) दुवै पक्ष सहमत भएकाले विभाग र आयोजना बीच यो सम्झौता गरी १/१ प्रति लियौं दियौं ।

### शर्तहरू

१. पाथीभरा देवी दर्शन केवलकार आयोजना निमार्ण कार्य गर्नका लागि वन ऐन, २०४९ को दफा ६७ अनुसार वन क्षेत्रको भू-स्वामित्व नेपाल सरकारमा रहने गरी वन ऐन, २०४९ को दफा ६८ तथा राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धि कार्यविधी, २०७४ अनुसार निम्न तालिकामा उल्लेखित बिवरण बमोजिम पाथीभरा देवी दर्शन केवलकार प्रा.लि. काठमाण्डौलाई ताप्लेजुङ जिल्लाको फुङलिङ न.पा.-११ को ४.९७ हेक्टर वन क्षेत्रको जग्गा विभिन्न निम्न तोकिए बमोजीम उपयोग गर्न भोगाधिकार उपलव्ध गराइएको छ ।

**तपसील**

| संरचनाको नाम | भोगाधिकार दिनु पर्ने क्षेत्रफल | वन क्षेत्र | स्थायी भौतिक संरचनाले ओगट्ने क्षे.फ.(हे.) | हटाउनु पर्ने रुखविरुवा संख्या |
|---|---|---|---|---|
| पाथीभरा देवी दर्शन केवलकार आयोजना । काफ्लेपाटी देखि पाथीभरा देवी मन्दिर सम्मको) लिंक रोड, ROW alignment र अपर स्टेशन सहितका टावर संरचनाहरु निर्माण | ४.९७ हेक्टर | ताप्लेजुङ जिल्लाको फुङलिङ न.पा.-११ मा पर्ने पाथीभरा सिम्बु सामुदायिक वन समेतको कूल जम्मा ४.९७ हेक्टर राष्ट्रिय वन क्षेत्र | ४.९७ हेक्टर | १०२३१ वटा रुखविरुवाहरु |
| **जम्मा** | **४.९७ हेक्टर** | | **४.९७ हेक्टर** | **१०२३१ वटा** |

२. आयोजनाले अनुमति पत्रमा तोकिएका शर्त व्यवस्थाहरु, स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE Report, 2017) प्रतिवेदनहरुमा उल्लेखित शर्तहरु र क्षति न्यूनिकरणका उपायहरु, वातावरणीय प्रभाव न्युनिकरणका उपायहरु एवं वातावरणीय व्यवस्थापन योजनालाई अनिवार्य रुपमा आफ्नै लगत खर्चमा पालना गर्नु पर्नेछ । वातावरण संरक्षण क्रियाकलाप गर्दा उक्त प्रतिवेदनमा उल्लेखित रकम अपुग भएमा प्रवर्द्धकले आफै लागतखर्चको थप व्यवस्थापन गर्नु पर्नेछ ।

३. प्रवर्द्धकले राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धि कार्यविधी, २०७४ बमोजिम उक्त केवलकार योजनाले वन क्षेत्रमा ओगटने कूल क्षेत्रफल ४.९७ हेक्टर भन्दा कम नहुने गरी नेपाल सरकारलाई सट्टाभर्ना स्वरुप जग्गा उपलब्ध गराउनु पर्नेछ । उक्त जग्गा नेपाल सरकार, वन तथा भू-संरक्षण विभागको नाममा रजिष्ट्रेशन पास गरीदिनु पर्नेछ । उक्त जग्गा ताप्लेजुङ्ग जिल्लामा पर्ने समान परिस्थितीकीय क्षेत्र भएको र राष्ट्रिय वनसँग जोडिएको हुनु पर्नेछ । यो सट्टाभर्ना वापतको जग्गा नेपाल सरकारले प्राप्त नगरेसम्म प्रयोग गर्न पाएको उक्त राष्ट्रिय वन क्षेत्रमा कुनै पनि कार्यहरु गर्न पाइने छैन ।

PATHIVARA
CABLE CAR

४. आयोजनाले केबलकार निर्माण गर्दा हटाउन पर्ने भनि डिभिजन वन कार्यालय, ताप्लेजुङबाट पेश भएको लगतमा पर्ने १०२३१ वटा रुखबिरुवाहरु (रुख ११२ वटा, पोल ५०३ वटा, लाथ्रा २९९५ वटा र बिरुवा ६६२१ वटा) मात्र हटाउनु पर्ने छ। योजनाले आफ्नै खर्चमा बजार माग बमोजिम गोलिया काठहरु उत्पादन हुने गरि उक्त रुखहरुको कटान मुछान गर्नु पर्नेछ। कटान मुछान कार्य गर्नु पूर्व सामुदायिक वन र डिभिजन वन कार्यालय, तापलेजुङसंग समन्वय गरी हटाउनु पर्ने छ। उत्पादन हुने काठदाउराको नियमानुसार व्यवस्थापन गर्ने कार्य सम्बन्धित डिभिजन वन कार्यालयले गर्नेछ।

५. नेपाल सरकारलाई सट्टा भर्ना उपलब्ध गराएको जग्गामा आयोजनाले आफ्नै लागत खर्चमा प्रति हेक्टर १६०० गोटाका दरले वृक्षारोपण गरी ५ वर्षसम्म सोको स्याहारसंभार गरी सम्बन्धित डिभिजन वन कार्यालयलाई हस्तान्तरण गर्नु पर्ने छ।

६. हटाउने १०२३१ वटा रुखहरुको सट्टा आयोजनाले १:२५ का दरले डिभिजन वन कार्यालय ताप्लेजुङले तोकिदिए बमोजिम प्रति हेक्टर १६०० बिरुवाको दरले आयोजनाले आफ्नै लागतमा वृक्षारोपण गरी बिरुवाको पाँच वर्ष सम्म स्याहार सभार, संरक्षण तथा सम्वर्द्धन गरी सम्बन्धित डिभिजन वन कार्यालयलाई हस्तान्तरण गर्नुपर्नेछ। यस्तो वृक्षारोपणको कार्य २ वर्ष भित्र गरिसक्नु पर्नेछ।

७. सम्झौतामा उल्लिखित क्षेत्रमा कार्य संचालन गर्दा स्थानिय व्यक्ति वा समुदायलाई प्रतिकूल असर नपर्ने व्यवस्था आयोजना आफैले मिलाउनु पर्नेछ। आयोजनाले उपलब्ध गराईएको उक्त वन क्षेत्र उपभोग गर्दा तोकिए बाहेक वन नियमावली २०५१ को ३९ (क) (९) बमोजिम देहाय कार्यहरु गर्न पाउने छैन।

(क) वन विभागको पूर्व स्वीकृति नलिई अन्यथा वन क्षेत्र भित्र बग्ने नदी नाला, खोलाको स्रोत थुनछेक गर्न वा फर्काउने।

(ख) वनस्पतिहरुको विकासमा अवरोध पुऱ्याउने, जीवजन्तुको वासस्थानमा हानिनोक्सानी पुऱ्याने, प्राकृतिक वा भौतिक स्वरुप बिगार्ने वा सिमसार क्षेत्रको पर्यावरणीय स्थितिमा प्रतिकूल असर पुऱ्याउने।

(ग) जलचर तथा अन्य कुनै किसिमको जनावर पशुपंछी वा जीव जन्तुलाई हानिनोक्सानी हुने गरी कुनै किसिमको विषादी प्रयोग गर्ने।

(घ) तोकिएको क्षेत्रमा तोकिए बमोजिम उपभोग गर्नु बाहेक ढुङ्गा, बालुवा, झिक्ने वा खानी संचालन गर्ने, वरिपरिका स्थानीय वासिन्दाको सामाजिक रिती रिवाजमा अवरोध पुग्ने कार्य गर्ने गराउने वा बाटोघाटो, खोलानालाको निर्वाध उपयोग जस्ता पारम्पारिक अधिकारको उपयोगमा व्यवधान उत्पन्न गराउने।

८. आयोजनाले कुनै पनि निर्माण कार्य गर्दा माटो बगाउने, प्राकृतिक सम्पदाहरु खोतल्ने, निकाल्ने, भूस्खलन हुने जस्ता कार्यलाई ध्यानमा राखेर प्राकृतिक सम्पदाको संरक्षण हुने किसिमले संरचना निर्माण गर्नु पर्नेछ। प्रतिकुल अवस्था आएमा आयोजना आफैले रोक्ने र संरक्षण गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

९. आयोजनाले वन ऐन २०४९, वन नियमावली २०५१, राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधि, २०७४ लगायतका सबै प्रचलित कानूनहरुको पूर्ण पालना गर्नु पर्नेछ। साथै विभागसंग हुने सम्झौतामा रहेका सबै शर्तहरु एवं नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयबाट दिइने/दिईएका निर्देशनहरु समेत पालना गर्नु पर्नेछ। उल्लेखित शर्त एंव निर्देशनहरु योजनाले पालना नगरेमा वन तथा वातावरण मन्त्रालयबाट एकपक्षीय रुपमा दिएका अनुमति, निर्णय तथा सम्झौता समेत बदर गरिनेछ।

१०. उल्लेखित वन क्षेत्र प्रयोग गर्ने सन्दर्भमा भविष्यमा कुनै थप व्यवस्था गर्नु परेमा वा बाधा अड्काउ परेमा वन तथा वातावरण मन्त्रालयले निर्णय गरी निर्देशन दिन सक्नेछ। साथै यस केवलकार योजनाको अनुमति नरहेको देखिन आएको खण्डमा वन क्षेत्र प्रयोग गर्न पाएको यो स्वीकृति समेत वन तथा वातावरण मन्त्रालयले खारेज गर्न सक्नेछ। आयोजनाले प्रयोग गर्ने वन क्षेत्रको जग्गा प्रयोग हुन नपाउदै आयोजनाको दर्ता खारेज भएमा वा



PATHIVARA
CABLE CAR

लिक्वीडेसन भएमा सो मितिबाट सम्झौता खारेज भएको मानिनेछ । आयोजना नै खारेज वा लिक्वीडेसन भएको अवस्थामा आयोजनाले वन क्षेत्र खाली गराउनु पर्नेछ । खाली नगराएमा नेपाल सरकारद्वारा खाली गराउन बाध्य भएमा खाली गराउँदा लाग्ने खर्च जग्गा प्राप्त गर्ने आयोजना आफैंले व्यहोर्नु पर्नेछ ।

११. आयोजनाले प्रयोग गर्न प्राप्त वन क्षेत्रमा सम्झौता बमोजिम हटाई बाँकी रहने रुखबिरुवाहरुको स्वामित्व नेपाल सरकारको हुनेछ भने ती रुखहरुको संरक्षण गर्ने जिम्मा आयोजनाको हुनेछ । आयोजनाको प्रतिनिधि वा निजका कामदारले यो सम्झौता बमोजिमको कार्य बाहेक आयोजनालाई उपलब्ध गराईएको वन क्षेत्रको जग्गामा वन्यजन्तु तथा वन पैदावारको हानिनोक्सानी पुऱ्याउने कार्य गर्नु गराउन हुदैन । यस्तो वन्यजन्तु तथा वन पैदावारको हानिनोक्सानी हुने कार्य वा अनियमीत कार्य गरेमा आयोजना प्रमुख/प्रर्वद्धकलाई प्रचलित कानून बमोजिम सजाय गर्न यो सम्झौताले बाधा पुऱ्याएको मानिने छैन ।

१२. प्रवर्द्धकले वातावरणीय सेवा शुल्क (PES) वापत खूदमुनाफाको १% रकम तोकिए बमोजिम बुझाउनु पर्नेछ, सो रकम वन संरक्षण लगायत जैविकविविधता र वातावरण संरक्षणमा खर्च गरिनेछ ।

१३. आयोजनाले उक्त वन क्षेत्रको जग्गा जुन प्रयोजनको लागि प्राप्त गरेको हो सोही प्रयोजनको लागि मात्र प्रयोग गर्नु पर्नेछ । सो जग्गाको भू-स्वामित्व नेपाल सरकारमा नै रहने छ । यस जग्गाको अन्यथा हुने गरी प्रयोग गर्न, कसैलाई हक हस्तान्तरण गर्न र दर्ता गर्न समेत पाईने छैन । वरपर अतिक्रमण भएमा वा कुनैपनि भू-उपयोग बदलिएमा आयोजना प्रमुख उपर प्रचलित ऐन कानुन अनुसार कारवाही हुनेछ ।

१४. सम्झौता भएको २ वर्ष सम्म केवलकार आयोजना निर्माण शुरु नभएमा जग्गा प्रयोग गर्न पाएको यो अनुमति स्वतः समाप्त हुनेछ ।

१५. आयोजनाले रज्जुमार्ग निर्माण गर्न प्रदान भएको अनुमतिपत्र बमोजिम हुनेगरी उक्त केवलकार निर्माण हुने व्यवस्था मिलाउनु पर्नेछ । यस आयोजनाको क्षमता अभिबृद्धि गर्न र तोकिएका संरचनामा कुनै किसिमको परिमार्जन वा फेरबदल गर्न परेमा वन तथा वातावरण मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्ने छ ।

१६. तोकिएको शर्तहरु पालना गरे नगरेको स्थितिको बारेमा अनुगमन गरी सम्बन्धित निकायहरुमा प्रतिवेदन पेश गर्नका लागि देहाय बमोजिमको अनुगमन संयन्त्र हुनेछ । अनुगमन संयन्त्रले कम्तिमा वर्षको एक पटक अनिवार्य रुपमा अनुगमन गरी संबन्धित निकायहरुमा प्रतिवेदन पेश गर्नु पर्ने छ । यस बाहेक आवश्यक परेको वखत वन तथा भू-संरक्षण विभाग तथा मातहातका निकायले अनुगमन गर्न सक्नेछ । साथै उपरोक्त अनुगमन कार्यहरुको सम्पूर्ण खर्च आयोजनाले व्यहोर्नु पर्ने छ ।

| | | |
|---|---|---|
| (क) | वन तथा भू-संरक्षण विभागका उप-महानिर्देशक | संयोजक |
| (ख) | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको उपसचिव | सदस्य |
| (ग) | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको उपसचिव | सदस्य |
| (घ) | सम्बन्धित जि.स.स.को अधिकृत प्रतिनिधि | सदस्य |
| (ङ) | सम्बन्धित को.ले.नि.का.को अधिकृत प्रतिनिधि | सदस्य |
| (च) | सम्बन्धित नगरपालिकाको प्रमुख अधिकृत | सदस्य |
| (छ) | डिभिजनल वन अधिकृत, तापलेजुङ | सदस्य-सचिव |

१७. सम्झौता बमोजिमको कार्य प्रारम्भ भएको १ (एक) महिना भित्र कार्य प्रारम्भको प्राविधिक प्रतिवेदन तथा कार्य विवरण अनिवार्य रुपमा आयोजनाले सम्बन्धित डिभिजन वन कार्यालय, वन तथा भू-संरक्षण विभाग र प्रदेश स्थित वन हेर्ने निर्देशनालयमा पेश गर्नु पर्नेछ । साथै आयोजनाले वन क्षेत्रमा कार्य प्रारम्भ भएको वखत देखि नसकिदा सम्म वन क्षेत्रमा भएको प्रगति तथा कार्य विवरण, कार्य अवस्था झल्किने फोटो समेत प्रत्येक २-२ महिनामा सम्बन्धित डिभिजन वन कार्यालय, वन तथा भू-संरक्षण विभाग र प्रदेश स्थित वन हेर्ने निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

PATHIVARA
CABLE CAR

१८. आयोजनाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले २ महिनाभित्र यस सम्झौता कार्यान्वयन अवस्था, भोगाधिकार प्राप्त वन क्षेत्रमा भए गरेको प्रगति विवरण र वातावरण संरक्षण व्यवस्थापनको अनुगमनको वार्षिक प्रतिवेदन सम्बन्धित डिभिजन वन कार्यालय, वन तथा भू-संरक्षण विभाग र प्रदेश स्थित वन हेर्ने निर्देशनालयमा पेश गर्नु पर्नेछ।

१९. निर्णयानुसार प्रयोग गर्न पाएको वन क्षेत्रको जग्गा भन्दा थप वन क्षेत्र प्रयोग गरेमा वा अनुमति भन्दा बढी रुख कटान गरेमा वन ऐन २०४९ को दफा ४९ को कसूर मानी आयोजना प्रमुखलाई कारवाही हुनेछ।

२०. नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७५।०९।१६ को निर्णय र सो संग संलग्न अनुसूचि यस सम्झौताको अभिन्न अंग हुनेछ।

२१. यो सम्झौता वन तथा वातावरण मन्त्रालयको सहमति लिई हरेक १०/१० वर्षमा नवीकरण गर्नु पर्ने छ।

२२. यो सम्झौतामा उल्लेख भएको विषयमा सोही बमोजिम हुनेछ र यसमा उल्लेख नभएको विषयहरुमा प्रचलित ऐन कानून बमोजिम हुनेछ।

२३. यो सम्झौता कार्यान्वयनको क्रममा कुनै मत भिन्नता, द्विविधा वा विवाद उत्पन्न हुन गएमा दुवै पक्षको आपसी छलफलको आधारमा निराकरण गरिनेछ। विवाद छलफलबाट निराकरण हुन नसकेमा वन तथा वातावरण मन्त्रालयको निर्णय मान्य हुनेछ।

२४. यो सम्झौता हस्ताक्षर भएको मिति देखि लागू हुनेछ।

**पाथीभरादेवी दर्शन केबुलकार प्रा.लि.,**
**नक्साल, काठमाण्डौ**
**टे. फो. : ०१-४४११३८४२, ४४३३८८६**

**तर्फबाट**

हस्ताक्षर :-

PATHIVARA CABLE CAR

नामः- श्री लाक्पा सोनाम शेर्पा

दर्जा :- अध्यक्ष, संचालक समिति

**नेपाल सरकार वन तथा वातावरण मन्त्रालय**
**वन तथा भू-संरक्षण विभाग, बबरमहल, काठमाण्डौ**
**टे. फो. : ०१४२२७५७४**
**फ्याक्स : ०१४२२७३७४**

**तर्फबाट**

हस्ताक्षर :-

नामः- श्री राकेश कर्ण

दर्जा :- वन संरक्षण अधिकृत

**रोहवर/साक्षी**

हस्ताक्षर :-

नाम :- श्री सुरेश डंगोल
दर्जा :- लेखा अधिकृत

हस्ताक्षर :-

नाम :- श्री उत्तम चापागाई
दर्जा :- सहायक वन अधिकृत

**इति सम्वत् २०७५ साल पौष महिना २९ गते रोज १ मा शुभम्।**